# नेपाली जनप्रगतिशील मञ्च, यू ए ई
# NEPALESE PEOPLE'S PROGRESSIVE FORUM, UAE
स्था: २००७

च् न &९/००९ **मिती:-०९/०६ /००९**

## प्रेस बक्तब्य

सन १९५० को राष्ट्रघाती असमान सुगौली सन्धी पश्चात श्रिंखलाबध्द तरिकाले भारतले सीमा सुरक्षा बल मार्फत पटक पटक नेपाली भुमिमा नांगो हस्तक्षेप गर्दै आएकोछ। सार्बभौम राष्ट्रको राष्ट्रिय अखण्डता माथि आँच आउने तरिकाले पटक पटक हस्तक्षेप गरिनु भारतीय बिस्तारबादको हेपाहा प्रबिर्तिनैहो। यसको पछील्लो कडिको रुपमा दाङ, बारा र सुस्ता लगायतका ठाउमा भारतीय सीमा सुरक्षाबलद्वारा नेपाली भुमी अतिक्रमण गरी आफ्नै भुमिमा नेपालीहरु लखेटिनु परेकोछ। करीब १८०० भन्दा बढी नेपाली जनताहरु आफ्नै भुमिमा भारतीय पक्षको ज्यादति,कुटपिट र हिंसाका कारण बिस्थापित भएकाछन। भारतीय शासक र यसको सिमा सुरक्षाबलको बिस्तारबादी नितिको नेपाली जन प्रगतिशिल मञ्च यू ए ई सम्पूर्ण प्रबासी नेपालीहरुको तर्फबाट घोर निन्दा र भर्त्सना गर्दै मिचिएको नेपाली भुमी र खोसिएको सम्पत्ति सम्बन्धित पक्षलाई तुरुन्त फिर्ता गर्न जोडदार माग गर्दछ।

एकातिर भारतीय पक्षको ज्यादातिको कारण सिंगो राष्ट्रियता र राष्ट्रिय अखण्डतानै सँकटमा परेकोछ भने अर्को तिर आफ्ना बिदेशी प्रभुलाई खुशी पार्न लेण्डुप दोर्जे शैलिमा बर्तमान कठपुतली सरकार नतमस्तक भएर रमिते मात्र् भएकोछैन अप्रत्यक्ष रुपमा भारतलाई नै सघाइरहेकोछ। राष्ट्रियता जस्तो सम्बेदनशिल बिषयमा स्थलगत भ्रमण गरी पीडित बिस्थापितहरु र सीमा सम्बन्धी सबै समस्याहरुको समाधानार्थ कुटनितिक र राजनीतिक पहल गरिनुको साटो पीडक मध्यकै नेपाल स्थित प्रतिनिधि भारतीय दुताबासको बक्तब्यलाई आधार बनाएर परराष्ट्रमन्त्री सुजाता कोइरालाले कही कतै र कसैबाट पनि सीमा मिचिएकोछैन भनी दिएको अभिब्यक्ती अत्यन्तै गैर जिम्मेबार र लाचारीपनको पराकास्ठा हुनुको साथै बिदेसी प्रभुलाई रिझाउन सिंगो नेपाली राष्ट्रियता र बिस्थापित नेपालीहरुकै अपमान हो।

नेपाली जन प्रगतिशिल मञ्च यू ए ई बिभिन्न संघ संस्था र समुदायले भारतीय हस्तक्षेपकारी निती को बिरुध्द गरेको आन्दोलन प्रती हार्दिक ऐक्यबध्दता प्रकट गर्दै स्वदेश र प्रबासमा रहेका सम्पूर्ण प्रगतिशिल, देशभक्त, बुध्दिजिबी र आमनेपालीहरुलाई भारतीय ज्यादातिको शसक्त बिरोध गर्न र राष्ट्रियताको रक्षार्थ आन्दोलित हुन आग्रह गर्दछ। साथै यस सबालमा गम्भिर भएर सम्पूर्ण सीमा सम्बन्धी समस्याहरुको तुरुन्त समाधान निकाल्न सम्बन्धित पक्षसँग जोडदार माग गर्दछ।

**क्रान्तिकारी अभिबादन सहित**

**दुर्गादत्त पोखरेल**
**अध्यक्ष**
**केन्द्रिय समिती**

**रमेश बेल्बासे**
**महासचिब**
**केन्द्रिय समिती**